मितिः २०८३/०३/२१

समयः बिहान ९.३० बजे

स्थानः नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री सुशिला अधिकारीज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसी देहायको निर्णय गरियो ।

तपसिलः-

| सि.नं | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सुशिला अधिकारी | कार्यवाहक नगर प्रमुख | |
| २ | श्री महेश रिमाल | प्रवक्ता एवम् वडा अध्यक्ष, वडा नं ५ | |
| ३ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री थुमराज के.सी | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री लक्ष्मीराम शर्मा पौडेल | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं ६ | |
| ८ | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं ७ | |
| ९ | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| १० | श्री रामकृष्ण भट्टराई | वडा अध्यक्ष, वडा नं ९ | |
| ११ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |
| १२ | श्री शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १३ | श्री इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १४ | श्री कल्पना बसेल | नगरकार्यपालिका सदस्य | कल्पना |
| १५ | श्री हम्जुला राई वि.क. | नगरकार्यपालिका सदस्य | |
| १६ | श्री चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री अम्विका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री रमेश बसेल | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री गणेश प्रसाद अर्याल | प्रमुख प्रशासकीय अधिकृत एवम् सदस्य सचिव | |

## आमन्त्रित कर्मचारीः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री कञ्चन खनाल | प्राविधिक शाखा प्रमुख | |
| २ | श्री सुनिल आचार्य | वरिष्ठ शाखा अधिकृत | |
| ३ | श्री बिमोचन भण्डारी | वरिष्ठ इञ्जिनियर | |
| ४ | श्री कोपिला सापकोटा | शाखा अधिकृत | |
| ५ | श्री विजय लुईटेल | लेखा अधिकृत | |
| ६ | श्री प्रदिप लामिछाने | अधिकृत छैटौं | |
| ७ | श्री रोशन पोखरेल | सहायक कम्प्युटर अधिकृत | |
| ८ | श्री सागर खत्री | कम्प्युटर अपरेटर | |
| ९ | श्री सन्दीप गिरी | इन्जिनियर | |
| १० | श्री [illegible] अर्याल | शाखा अधिकृत | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |

**प्रस्तावः-**

१. जग्गा वर्गीकरणको प्रतिवेदन सम्बन्धमा ।

२. विभिन्न कार्यविधि, मापदण्ड, नीति पारित गर्ने सम्बन्धमा ।

२. विविध

निर्णयहरू:

निर्णय नं. १
मिति २०८३/०३/०९ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

निर्णय नं २
नागार्जुन नगरपालिका वडा नं. ९ निवासी समृद्ध भट्टराईले ***National Economics Olympiad 2026*** मा स्वर्ण पदक प्राप्त गरी चीनको **Shenzhen** मा सन् २०२६ जुलाई १२ देखि जुलाई २० सम्म आयोजना हुने ***International Economics Olympiad (IEO) 2026*** मा नेपालबाट प्रतिनिधित्व गर्ने ५ (पाँच) जना प्रतिस्पर्धीमध्ये छनोट हुन सफल भई नगरपालिकाको गौरव तथा प्रतिष्ठा अभिवृद्धि गरेको हुँदा उहाँको उक्त अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागितालाई प्रोत्साहन एवं सहयोग पुऱ्याउने उद्देश्यले अन्य निकायबाट दोहोरो नपर्ने र दोहोरो पर्न गएमा स्वयं जवाफदेहि हुने गरी रकम रु. ५००००/- (अक्षरेपी पचास हजार रुपैयाँ मात्र) उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं ३
यस नगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित संघसंस्थाहरुबाट निम्न कार्यक्रम सञ्चालन गर्नको लागि बजेट माग गरी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उल्लेखित कार्यहरु गर्नको लागि निम्न शीर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी कार्यक्रमहरु सञ्चालन तथा सामाग्रीहरु खरिद गरी उपलब्ध गराउने निर्णय गरियो। तपसिल

सामाग्री माग तर्फ

| सि.नं | निवेदकको नाम | कार्यक्रम/माग | बजेट शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | पचली भैरव मन्दिर तथा सामुदायिक भवन निर्माण वडा नं ६ | सामाग्री खरिद | स्वीकृत माग फारम | विविध खर्च |
| २ | अम्बिका देवी मन्दिर संरक्षण तथा व्यवस्थापन समिति वडा नं ६ | सामाग्री खरिद | स्वीकृत माग फारम | विविध खर्च |

निर्णय नं ४
नागार्जुन नगरपालिकाका स्थायी बसोबासीहरुको लागि स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक औषधि तथा औषधिजन्य सर्जिकल मेडिकल औजार उपकरण, ल्याव केमिकल तथा अन्य सामाग्री खरिद गर्न विद्युतीय बोलपत्र मार्फत टेन्डरको रकम रु. १४५३५४५.१०/- बमोजिम (अक्षरुपी चौध लाख त्रिपन्न हजार पाँच सय पैतालिस रुपैया दश पैशा) भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ५
नागार्जुन नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणाको लागि तयार गरिएको "बालमैत्री नागार्जुन, सुनिश्चित बालअधिकारः बालबालिकाको दीर्घजीवन, संरक्षण, सहभागिता र दिगोपनाको आधार" नारा तय गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

नागार्जुन नगरपालिकामा चालु आर्थिक वर्ष भित्रमा तपसिल बमोजिमका कार्यविधि, मापदण्ड, नीति, योजनाहरु तर्जुमा गर्ने निर्णय गरियो। तपसिल

| सि.नं | कानूनको नाम | कैफियत |
|---|---|---|
| १ | नागार्जुन नगरपालिका बालसहभागिता प्रवर्द्धन सम्बन्धी नीति, २०८३ | तर्जुमा गर्ने |
| २ | नागार्जुन नगरपालिका बालविवाह निवारण सम्बन्धी पाँच वर्षे रणनीतिक योजना, २०८३/२०८४-२०८७/२०८८ | तर्जुमा गर्ने |
| ३ | नागार्जुन नगरपालिका बालसंरक्षण मापदण्ड, २०८३ | तर्जुमा गर्ने |
| ४ | नागार्जुन नगरपालिकाको आर्थिक सहायता कार्यविधि, २०८० | संशोधन |

**निर्णय नं ७**

बालमैत्री स्थानीय शासनको दिगोपना तथा प्रभावकारी कार्यान्वयनका लागि पाँच वर्षे रणनीतिक लगानी योजना को अन्तिम मस्यौदा उपर छलफल गरी स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो । साथै नागार्जुन नगरपालिकाको बालबालिकाको स्थिति प्रतिवेदन, २०८३ अध्ययन पश्चात पारित गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको मिति २०८३/०२/२६ गतेको च.नं २५९, २०८२/०८३ को पत्रानुसार सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को दफा (२९) को उपदफा (३) मा भएको व्यवस्था "एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट अनुसूची-१२ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको भनि यकिन भएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको सामाजिक सुरक्षा वापतको बाँकी सबै रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने" व्यवस्था बमोजिम ३५ दिने सूचना पश्चात संघीय सञ्चित कोषमा रकम जम्मा गराइ विभागलाई सोको भौचरको प्रतिलिपि सहित उपलब्ध गराउनुहुन भनि निर्देशन प्राप्त भएको हुँदा सोही अनुसार ३५ दिनको सूचना निकालि उक्त कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं ९**

नागार्जुन नगरपालिका र राष्ट्रिय व्यवसायिक तालिम प्रतिष्ठान भैंसेपाटीको लागत साझेदारीमा मिति २०८३/०१/०२ मा भएको सम्झौता बमोजिम मन्टेश्वरी (२० जना), वेटर वेट्रेस (२० जना), हाउस किपिङ/क्लिनर (२० जना) लाई ३९० घण्टे आधारभूत सीपमूलक तालिम मिति २०८३/०१/२४ गते देखि २०८३/०३/१८ गतेसम्म सञ्चालन भई सम्पन्न भईसकेको हुँदा सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं १०**

यस नगरपालिकाको विपद् व्यवस्थापन क्षमता सुदृढीकरण गर्ने अभिप्रायले परामर्शदाताबाट पेश हुन आएको 'विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना' (Disaster Preparedness and Response Plan) तथा 'स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा' (Local Disaster and Climate Resilience Plan) को मस्यौदा उपर छलफल गरि उक्त योजना तथा कार्यढाँचाले स्थानीय जोखिम न्यूनीकरण र विपद् प्रतिकार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने देखिएकाले, आवश्यक परिमार्जनसहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

यस नगरपालिका अन्तर्गत विभिन्न मितिमा सम्झौता भई निर्माण कार्य संचालन भएका तपशिलमा उल्लेखित योजनाहरुमा काम गर्ने क्रममा केही आईटमहरुको परिमाण ल.ई तयार गर्दा भन्दा थप घट हुन हुन गएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३(चौथो संशोधन समेत) दफा ५४ बमोजिम भेरिएशन स्वीकृत गरी भुक्तानि दिने निर्णय गरीयो।

| क.स | ठेक्काको विवरण | निर्माण व्यवसायीको विवरण | सम्झौता रकम (रू) | संशोधित सम्झौता रकम (रू) | भेरिएशन प्रतिशत र रकम (रू) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | Nagarjun/NCB/W/23/2082-83<br>Nagarjun/NCB/W/23/2082-83 | A.R.ROYAL CONSTRUCTION PVT.LTD | रु.१५,६६,९२९.६९ (भ्याट बाहेक) | रु. १४,५२,९७६.२३ भ्याट बाहेक | -७.३०% (रु १,१४,३७८.८८)) | |
| २. | Nagarjun/NCB/W/42/2081-82 Nikunja Cheu Tinghare Mandir hudai Chautara pugne Padmarga Nirman | Great Construction Pvt. Ltd., Gothatar , Bhaktapur | रू. ४९,५५,१२८.३६ | रू. ४६,४१,३५५.८५ | -६.३३%( ३,१३,७७२.५१) | |

**निर्णय नं १२**

नागार्जुन नगरपालिका वडा नं १० अन्तर्गत पर्ने रिठ्ठे पधेंरी क्रियापुत्री भवन स्तरोन्नती गर्ने कार्य गरिसकेको र उपभोक्ता समितिलाई भुक्तानी गरिदिनुहुन भनि वडा नं १० को सिफारिस अनुसार पेश हुन आएकोले स्वीकृत लागत अनुमान बमोजिमको रकम सम्झौतामा उल्लेखित शर्तहरुको आधारमा कन्टिन्जेन्सी शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं १३**

नागार्जुन नगरपालिका वडा नं ३ को तीनधारा खानेपानी ट्यांकी वरिपरिको भाग चर्केर फुटेको हुँदा जोखिमको समस्या समाधानका लागि सहायक ड्रेन खोल्न र मर्मत गर्नको लागि आवश्यक लागत अनुमान अनुसार विपद् व्यवस्थापन शीर्षकबाट खर्च हुने गरी मर्मत गर्ने निर्णय गरियो ।

**निर्णय नं १४**

परामर्शदातासँग भएको सम्झौता बमोजिम जम्मा १७०० रोपनी जग्गा नापजाँच गर्नुपर्ने भएकोमा वडा कार्यालयहरुको प्राथमिकता तथा स्थानीय वासीहरुबाट प्राप्त निवेदन एंव राय सुझाव बमोजिम हाल सम्म सो भन्दा वढि क्षेत्रफलको विस्तृत नापी विवरण सहितको प्रतिवेदन तयार भई प्रगति प्रतिवेदनको प्रस्तूति समेतको आधारमा परामर्शदाताबाट प्राप्त सार्वजनिक जग्गाको नापी विवरण सम्बन्धि अन्तिम प्रतिवेदन बमोजिम Detailing भएका र प्रत्येक कित्तागत कैफियतको सुछम अध्ययन गरि आवश्यकता अनुसार नापी कार्यालयको प्रतिनिधिको रहोवरमा सिमाङ्कन तथा संरक्षण गर्ने र समस्या देखिएका कित्ताहरुलाई नापी कार्यालयको राय सुझाव वमोजिम समस्या समाधानको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

प्रमाणित